# एन आई सी एशिया बैंक लिमिटेडको
# सोह्रौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट)

१. **बैधानिक सभा :**
एन आई सी एशिया बैंक लिमिटेडको मिति २०७०।१०।१० (तदनुसार २४ जनवरी २०१४) मा बसेको सञ्चालक समितिको २१७ औं बैठकको निर्णयानुसार बोलाइएको सोह्रौं बार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री जगदीश प्रसाद अग्रवालज्यूको अध्यक्षतामा देहाय बमोजिम सु-सम्पन्न भयो।

२. **सभाको मिति, स्थान र समय :**
मिति : २०७० फाल्गुन १६ गते सोमबार (तदनुसार २८ फेब्रुअरी, २०१४)
स्थान : उद्योग संगठन मोरङको सभाकक्ष, शहीद मार्ग, तिनपैनी, विराटनगर
समय : अपरान्ह १२:३० बजे
(हाजिरी दिउँसो ११:३० बजे देखि १२:३० बजे सम्म)

३. **उपस्थिति :**
**सञ्चालकहरूको उपस्थितिः**

| | | | |
|---|---|---|---|
| क) | श्री जगदिश प्रसाद अग्रवाल | - | अध्यक्ष (संस्थापक समुह) |
| ख) | श्री त्रिलोक चन्द अग्रवाल | - | सञ्चालक (संस्थापक समुह) |
| ग) | श्री लोकमान्य गोल्छा | - | सञ्चालक (संस्थापक समुह) |
| घ) | श्री राजेन्द्र प्रसाद अर्याल | - | सञ्चालक (सर्वसाधारण शेयरधनी समुह) |
| ङ) | श्री विरेन्द्र कुमार संघई | - | सञ्चालक (सर्वसाधारण शेयरधनी समुह) |
| च) | श्री बिनोद कुमार प्याकुरेल | - | सञ्चालक (सर्वसाधारण शेयरधनी समुह) |
| छ) | श्री गणेशमान श्रेष्ठ | - | व्यावसायिक/स्वतन्त्र सञ्चालक |

कारणवश सञ्चालक श्री तुलसीराम अग्रवाल र संञ्चालक श्री रामचन्द्र संघई उपस्थित हुनु भएन।

**पदाधिकारीहरूको उपस्थिति :**

| | | | |
|---|---|---|---|
| क) | श्री सशिन जोशी | - | प्रमुख कार्यकारी अधिकृत |
| ख) | श्री निरज श्रेष्ठ | - | महाप्रबन्धक-व्यवसाय बैंकिङ |
| ग) | श्री लक्ष्मण रिसाल | - | महाप्रबन्धक-सञ्चालन |
| घ) | श्री प्रविण बस्नेत | - | प्रमुख वित्त अधिकृत |
| ङ) | श्री रोशन कुमार न्यौपाने | - | प्रमुख-लेखापरीक्षण तथा अनुपालना |
| च) | श्री माधव प्रसाद रेग्मी | - | कम्पनी सचिव |
| छ) | श्री दिनेश भारी | - | प्रवन्धक-कानून |

साथै, सभामा लेखा परीक्षक श्री एन अमात्य एण्ड कम्पनीका प्रतिनिधी श्री मनिष अमात्य, सहायक निर्वाचन अधिकृत श्री पुनम गुप्ता, बैंकको शेयर रजिष्ट्रार सिभिल क्यापिटल मार्केट लि. का तर्फबाट श्री भिष्मराज चालिसे समेतको उपस्थिति रहेको थियो।

४. **सभाको सूचना तथा आवश्यक विवरण :**
सोह्रौं वार्षिक साधारण सभा बस्ने बारेको सूचना राष्ट्रिय स्तरको नागरिक दैनिक तथा कान्तिपुर दैनिकमा क्रमशः २०७० माघ १५ गते तथा २०७० फाल्गुन १ गते प्रकाशित गरिनुका साथै बैंकको वेब साईटमा समेत राखी शेयरधनी महानुभावहरूलाई सार्वजनिक रूपले सूचित गरिएको थियो। साधारण सभा बस्ने बारेको सूचना तथा सोह्रौं वार्षिक आर्थिक विवरण समेतको वार्षिक प्रतिवेदन शेयरधनीहरूले बैंकलाई उपलब्ध गराउनुभएको ठेगानामा पठाइएको थियो।

५. **सभामा भएका छलफलका विषयहरू :**

NIC ASIA BANK LTD

(क) सामान्य प्रस्ताव

१. आर्थिक बर्ष २०६९/७० को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७० आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व. २०६९/७० को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू छलफल गरी स्वीकृत गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७०/७१ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम वर्तमान लेखापरीक्षक श्री एन अमात्य एण्ड कम्पनी पुनः नियुक्त हुन सक्नु हुनेछैन ।)

४. सञ्चालक समितिले सिफारिश गरे बमोजिम रू. ४६,२३,१०,४००/- (रू. छयालीस करोड तेईस लाख दशहजार चारसय) (चुक्ता पूँजीको २० प्रतिशत) नगद लाभांश स्वीकृत गर्ने ।

५. संस्थापक शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने ५ जना र सर्वसाधारण शेयरधनीहरूको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरूको निर्वाचन गर्ने ।

(ख) विविध

६. **शेयरधनीहरूको उपस्थिति :**

| कुल शेयर संख्या | स्वयं उपस्थित | प्रतिनिधिपत्रद्वारा उपस्थित | जम्मा उपस्थित | उपस्थित कुल शेयर सख्या | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| २,३१,१५,५२० | २८९ | ११५ | ४०४ | १३९४०५३८ | ६०.३१ |

७. **गणपुरक संख्या एवम् बैधानिकता :**

सभाको प्रारम्भमा कम्पनी सचिवले यस साधारण सभा प्रचलित ऐन कानून बमोजिम बोलाइएको र सभा गर्न बैंकको नियमावली र कम्पनी ऐन, २०६३ बमोजिम आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई अवगत गराउनु हुँदै आजको यस सभाको अध्यक्षता गरी दिन सञ्चालक समितिका अध्यक्ष श्री जगदिश प्रसाद अग्रवालज्यूलाई अनुरोध गर्नु भयो । यसरी आवश्यक गणपुरक संख्या विद्यमान रहेको र प्रचलित कानूनको पालना भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६९ का अधिनमा रही सभा विधिवत प्रारम्भ भयो ।

८. **सभाको अध्यक्षता :**

सभाका अध्यक्ष श्री जगदिश प्रसाद अग्रवालज्यूले वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयरधनी महानुभावहरूको हार्दिक स्वागत गर्दै आफ्नो मन्तव्यका साथ सभाको काम कार्वाही अगाडि बढाउनु भयो ।

९. **वार्षिक प्रतिवेदन तथा प्रस्तावहरूको प्रस्तुति :**

अध्यक्षज्यूले आफ्नो मन्तव्य पढेर सुनाई सकेपछि सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन सहितको आ. व. २०६९/७० को नाफा नोक्सान हिसाव र वासलात लगायतका विषय छलफलका लागि सभामा प्रस्तुत गर्नुभयो । यसै क्रममा निम्न लिखित शेयरधनी महानुभावहरूले आफ्नो मन्तव्य, जिज्ञासा, प्रश्न तथा लिखित सुझाव सभामा प्रकट गर्नु भयो:

१. श्री महेन्द्र ब. श्रेष्ठ
२. श्री वंशिधर काब्रा
३. श्री अमिरदास रञ्जित
४. श्री रोज कुमार श्रेष्ठ



NIC ASIA BANK LTD. Corporate Office